## लुम्बिनी प्रदेश सरकारको मिति २०८२/०६/०८ गतेको १६१ औं सचिव बैठकका निर्णयहरू:

१. हालैको युवा पुस्ताको आन्दोलनमा प्रदेशका निकायमा भएको क्षतिको विवरण अद्यावधिक गर्ने, नजिकको प्रहरी इकाईको साथै जिल्ला प्रशासन, इलाका प्रशासन वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्य निकायहरूमा प्रतिनिधिको रोहबरमा मुचुल्का तयार गर्ने कार्य बाँकी भए अविलम्ब पुरा गर्ने/गराउने,

२. क्षतिको विवरण तयार गर्दा मेसिन उपकरण, सवारी साधन, फर्निचर लगायतको क्षतिको यथार्थ अवस्था खुल्ने गरी विवरण अद्यावधिक गर्ने,

३. बिमा गरिएका सवारी साधन मेसिन उपकरणको हकमा बिमाको प्रकृया पुरा गरी बिमा रकम प्राप्त गर्ने कार्यलाई प्राथमिकतामा राख्ने, नियमित follow up गर्ने,

४. आन्दोलनको क्रममा क्षति भएका कार्यालयको आधारभूत मर्मत, रङ्गरोगन गर्नुको साथै न्यूनतम उपकरण व्यवस्थापन गरी यथाशीघ्र सेवा सुचारु गर्ने/गराउने, सरकारी निकायको मर्मत सम्भार रंगरोगन गर्ने कार्य सम्बन्धित शहरी विकास तथा भवन डिभिजन कार्यालयबाट गर्ने/गराउने,

५. क्षति भएका निकायलाई सहयोग गर्न स्क्ने निकायले फर्निचर, सवारी साधन तथा अन्य सामाग्री उपलब्ध गराउने। यस कार्यको समन्वय, सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

६. आसन्न चाडपर्वको समयमा देहाय बमोजिम गर्ने/गराउनेः-

(क) सार्वजनिक बिदाको समयमा सरकारी सवारी साधन प्रयोग नगर्ने। अति जरुरी परी प्रयोग गर्नु पर्ने भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्व स्वीकृति तथा पास लिने

(ख) बिदाको समयमा कुनै पनि कर्मचारीको काज स्वीकृत नगर्ने र त्यस अवधिको TADA भुक्तानी नगर्ने,

(ग) स्वास्थ्य सेवा लगायतका आधारभूत सेवा चाडपर्वको समयमा समेत निरन्तर प्रवाह हुने व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउने,

(घ) हालको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी नजिकको सुरक्षा निकायसँग समन्वय गर्ने। सुरक्षा निकायलाई आवश्यक पर्ने सवारी साधन त्यस्ता निकायको अनुरोधमा उपलब्ध गराउने गरी मातहतका निकायलाई मन्त्रालय/केन्द्रिय निकायले निर्देशन दिने,

(ङ) अनुकरणीय आचरण, खानपान, बोली व्यवहार, जीवनशैली अवलम्बन गर्ने/साथै आफ्नो गाउँ ठाउँमा सरसफाई लगायतका रचनात्मक कार्यहरूमा क्रियाशील रहने। स्वास्थ्य कर्मीहरूले आफ्नो गाउँ ठाउँमा स्वास्थ्य सेवा (सम्भव हुने तहको) प्रदान गर्ने/गराउने।

७. आर्थिक सुशासन, अनुशासन तथा मितव्ययिता प्रवर्द्धन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नेः

(क) प्रदेशको सार्वजनिक खर्चको मापदण्ड पूनरावलोकन गर्नुको साथै यथासम्भब मितव्ययी बनाउने सम्बन्धमा नयाँ मापदण्डको मस्यौदा तयार गरी पेश गर्ने लगायतका खण्ड (ख) र (ग) मा उल्लिखित विषयमा सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्नेः-

अ) सचिव आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

आ) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नवौं/दशौं तहको अधिकृत- सदस्य

इ) प्रदेश लेखा नियन्त्रक -सदस्य सचिव

प्रमुख सचिव

(ख) नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०८२/०६/०५ गतेको निर्णय बमोजिम अर्थ मन्त्रालयबाट भएको परिपत्र/विज्ञप्ती अध्ययन गरी प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने निर्णय लगायतको विषयमा सिफारिस गर्ने,

(ग) हालैको आन्दोलनको क्रममा क्षति भएका जिन्सी सामानको लिलाम विक्री तथा अभिलेख व्यवस्थापन सम्बन्धमा सिफारिस गर्ने,

८. औचित्यपूर्ण नभई सुविधा दिने मात्र प्रयोजनमा कर्मचारीलाई काज नखटाउने। काज खटाउने सम्बन्धमा यस पूर्वको सचिव बैठकका निर्णयहरू समेत पालन गर्ने/गराउने,

९. बैठकमा सहभागी हुने पदाधिकारीको संख्या भन्दा बढी हुने गरी आमन्त्रित सदस्य नराख्ने। चालक तथा सहयोगी कर्मचारीलाई खाना/खाजा खर्च दिने गरी व्यवस्था गर्ने विषयमा खर्च सम्बन्धी मापदण्ड समावेश गर्ने,

१०. सरकारी कार्यक्रमहरू सरकारी भवन हलमा यथासम्भव मितव्ययी हुने गरी सञ्चालन गर्ने। खाना खाजा खर्च भुक्तानी गर्दा स्वीकृत मापदण्ड बमोजिम यथासम्भव मितव्ययी हुनेगरी गर्ने/गराउने,

११. हालको अवस्थामा भएको श्रोत साधनको सम्भावित संकुचन र प्रदेश सरकारले प्राप्त गर्ने राजश्व बाँडफाँड तथा विभिन्न अनुदानको हकमा पर्न सक्ने प्रभाव समेत अध्ययन गरी प्रदेश सरकारको आ.व.२०८२/८३ को बजेट कार्यान्वयन सम्बन्धमा आवश्यक भए नयाँ मार्गदर्शन जारी गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले अगाडि बढाउने,

१२. आन्तरिक लेखा परीक्षणको क्रममा देखिएका कैफियत सम्बन्धमा आगामी सचिव बैठकमा प्रस्तुतीकरण गर्न प्रदेश लेखा नियन्त्रकलाई निर्देशन दिने,

१३. आन्तरिक लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन बमोजिम औचित्यपुर्ण नभएका खर्चका सम्बन्धमा त्यस्तो सुविधा प्राप्त गर्ने पदाधिकारी र भुक्तानी दिने अधिकारीलाई जिम्मेवार बनाउने। मापदण्ड विपरित वा औचित्यपूर्ण नदेखिएका भत्ता वा सुविधाका खर्च समेत आवश्यक भए फिर्ता गर्न लगाउने,

१४. Gen-Z आन्दोलनको भावना र सुशासन प्रतिको चाहनालाई आत्मसात गरी प्रदेश सरकारका सबै कार्यहरू सुशासनयुक्त बनाउदै लैजाने। सुशासन तथा आर्थिक अनुशासनमा सबै कर्मचारीहरु थप प्रतिबद्ध रहने।

प्रमुख सचिव